नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं ।

पत्र संख्या: २०८३/०८४

# प्रेस विज्ञप्ती-१०

प्रा.प.सं. :

## "राहदानी ऐन अन्तर्गतको कसूरमा परराष्ट्र मन्त्रालयका सह सचिव पक्राउ"

काठमाडौं स्थित जर्मन राजदूतावासमा जर्मनी जाने भिषा प्रयोजनको लागि यात्रा अनुमति पत्रसाथ उपस्थित भएका व्यक्तिहरुको राष्ट्रियता उपर शंका लागी सोधपुछ पश्चात जर्मन राजदूतावासको मिति २०६८/०२/२० गतेको पत्रसाथ यात्रा अनुमति पत्र सक्कल थान-५ (पाँच) अनुसन्धान एवं कारबाहीको लागि यस ब्यूरोमा प्राप्त भई **राहदानी ऐन** अन्तर्गतको कसूरमा अनुसन्धान गर्दै जाने क्रममा उक्त यात्रा अनुमति पत्र जारी गर्ने कार्यमा जिल्ला खोटाङ, रावाबेसी गाउँपालिका, वडा नं. ३ घर भई हाल काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ९ बस्ने तत्कालीन समयमा परराष्ट्र मन्त्रालय, कन्सुलर शाखामा शाखा अधिकृत हाल परराष्ट्र मन्त्रालय, श्रम आप्रवासन तथा नेपाली डायस्पोरा समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा सह-सचिव पदमा कार्यरत वर्ष ५६ को पुष्पराज भट्टराईको संलग्नता देखिएकोले यस ब्यूरोबाट उक्त कसूरको अनुसन्धान पश्चात जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंबाट मिति २०८३/०४/११ गते सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंमा अभियोग पत्र दायर भएकोमा उल्लेखित कसूरमा प्रतिवादी कायम गरिएका पुष्पराज भट्टराई आज मिति २०८३/०४/१८ गते काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका स्थित त्रिपुरेश्वरबाट पक्राउ भई आवश्यक कारबाहीको लागि जिल्ला सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौं मार्फत सम्मानित काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंमा पेश गरिएको ।

मिति २०८३/०४/१८ गते ।
ने.स. ११४६

अनुपम शम्शेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता/सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११